जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ३९ २०७८ साल भदौं १६ गते बुधबार (1 Sep. 2021 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अमेरिकी सेनाले २० वर्षपछि... ३ पृष्ठमा : हजार दूरी विस्तार ... ३ पृष्ठमा : अमेरिकी सेना बीस वर्षपछि...

# विद्यालय संचालन सम्बन्धी हालसम्म कुनै निर्णय भएको छैन् : नगरप्रमुख यादव

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौं ।**

सप्तरीका नीजि विद्यालयहरुको छाता संगठनहरुले आजदेखी विद्यालयहरु खोल्ने गरेको निर्णयप्रति स्थानिय पालिकाले हालसम्म स्वीकृती दिएको छैन् ।

नीजि विद्यालयहरुको छाता संगठन प्याब्सन, नेशनल प्याब्सन र नेपाल प्याब्सन सप्तरीले आइतबार संयुक्त विज्ञप्ति जारि गर्दै कोभिड १९ को संक्रमण दर प्रदेश २ मा ५ प्रतिशत भन्दा कम तथा सप्तरीमा लगभग शुन्य प्रतिशतमा रहेको दाबी गर्दै बुधबारदेखी विद्यालय संचालन गर्ने निर्णय गरेको छ ।

यता राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले विद्यालय संचालन सम्बन्धी हालसम्म कुनै निर्णय नभएको भन्दै मौखिक रुपमा कक्षा ८, ९ र १० सम्म संचालन गर्न भनिएको जानकारी दिएका छन् । कार्यव्यस्ताका कारण सबै पालिकाका प्रमुखहरुको बैठक बस्न नसकेकोले चाडैं नै विद्यालय संचालन सम्बन्धी निर्णय लिने उनको भनाई छ ।

यसैबीच सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जिल्लामा कोभिड १९ को जोखिम कायमै रहेकोले तत्कालै विद्यालय खोल्ने अवस्था नरहेको जानकारी दिएका छन् ।

प्रजिअ आचार्यले आउँदो दिनमा कोभिडको जोखिम अझ बढ्न सक्ने भन्दै जिल्ला संकट व्यवस्थापन समितिले निर्णय गर्दै सम्पूर्ण स्थानिय तहलाई विद्यालय नखोल्न आग्रह गर्दै पत्राचार समेत गरेको बताए ।

उनले स्थानिय सरकार ऐन अन्तरगत विद्यालय संचालन गर्ने निर्णय स्थानिय तहलाई रहेको जानकारी समेत दिए ।

यसअघि नै जिल्लाको सुरुङ्गा नगरपालिकाका सबै नीजिक विद्यालयहरु गत साउन १५ गतेदेखी नै संचालनमा आइसकेको छ ।

# सप्तरीका सयौं घर बाढीको उच्च जोखिममा

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौं ।**

केही दिनदेखीको अविरल वर्षाका कारण सप्तरीको सयौ घर बाढीको उच्च जोखिममा रहेको छ ।

सप्तकोशी नदीमा पानीको बहाब बढ्दा आएको बाढीले सप्तरीको कंचनरूप नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका, तिलाठी कोईलाडी गाउपालिका, तिरहुत गाउपालिका, बलान बिहुल गाउपालिका सहित उदयपुरको बेलका उच्च जोखिममा रहेको छ ।

सप्तकोशी अविरल वर्षाका कारण सप्तकोशी नदीमा पानिको बहाव बढदा आएको बाढीले उदयपुरको बेलकातर्फ कटान शुरु भएको छ ।

आइतबार साँझसम्म सप्तकोशीले कोशीले लगातार पशिचमतर्फ कटान गर्न थालेपछि उदयपुरको बेलका नगरपालिका नदी किनार आसपासका वासिन्दा नदिको पशिचमी भाग तर्फ १५० मिटर कटान गरिसकेको र खतराको संकेत देखिएपछि सम्भावित क्षेत्रमा बाँध निर्माण शुरु गरिएको छ, ।

त्यस क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली परिचालन गरिएको उदयपुर जिल्ला प्रशासन कार्यालयले जनाएको छ । स्थानीयका अनुसार १५ मिटर मात्रै कटान गरेमा सप्तकोशीको धार परिवर्तन हुन्छ ।

सप्तकोशीले धार परिवर्तन गरी पशिचततिर लागे बेलका नगरपालिकाको वडा नम्बर २, ३, ९ र ८ का नदी तटका अधिकांश क्षेत्रहरु डुवानमा पर्नेछन् । यो क्षेत्रमा ठूलो मानव वस्ती रहेको छ ।

४८ हजार बोरा बालुवा र ५० थान जालीको तटबन्ध बनाउन शुरु गरिएको छ । सप्तकोशीले धार परिवर्तन गरे उदयपुरको बेलकासँगै सप्तरीको सप्तकोशी र कञ्चनरुप नगरपालिकाका पूर्वी क्षेत्रका वस्ती समेत जोखिममा पर्नेछन । अहिले सप्तकोशीको तटीय क्षेत्रका सर्वसाधारणलाई सतर्क रहन आग्रह गर्दै माइकिङ गरिएको छ ।

*बाँकी दुई पृष्ठमा*

भर्ना खुल्यो ।  भर्ना खूल्यो ॥  भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**बिगत १३ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

**न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर**

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/04/३१ देखि
२०७८/05/१८ सम्म

**राजविराज पोलिटेक्निक इन्स्टिच्युट**
राजविराज-३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

## सम्पादकीय

### बालश्रम बारे दिर्घकालिन नीति आवश्यक

गरिब, विपन्न, पारिवारिक समस्या लगायतका कारणले सडकमा घुमफिर तथा विभिन्न होटलहरुमा काम गरेर गुजारा गर्ने बालकहरु निकै देखिन्छन् । कलिला उमेरमा श्रम गरेर पेट पाल्नेप्रति सरकारले बन्देज गरेको छ । तर, यीनीहरुको व्यवस्थापनका लागि सरकारले विभिन्न उपाय लगाएपनि अहिले सो कार्य कागजमै सीमित हुन पुगेको छ । यी बन्देज कायम रहेपनि बालश्रमिकहरु घट्नुका साटो बढ्दै गएका छन् ।

सहर मात्र नभएर ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा समेत बालबालिकाहरु दिनभरी बालश्रम गर्न बाध्य छन् । यती मात्र नभएर अधिकांश इटा उद्योगहरुमा बालश्रमिक नै काम गर्दै गरेको भेटिन्छन् । घरको आर्थिक अवस्था कमजोर रहेका कारणले कत्तिपय बालबालिकाहरु दिनभरी पढाई लेखाई गर्नुका साटो बाध्य भई होटल, घर तथा ईटा भट्टाहरुमा श्रम गर्न पुग्छन् । होटल तथा ईटा भट्टामा काम गर्ने बाल मजदुरहरु मध्ये अधिकांशको घरायसी समस्या रहेकाले बालश्रम गर्न बाध्य भएको अवस्था छ । कसैको आमाबुबा नरहेकाले श्रम गरिरहेका छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा गरिरहेका छन ।

सरकारले बालबालिकाहरुलाई उचित शिक्षा दिक्षा दिनका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेपनि त्यसको खासै असर परेको देखिदैन् । तसर्थ बालश्रमलाई न्युनीकरण तथा ब्यवस्थापनका लागि एउटा ठोस दिर्घकालिन नीतिको आवश्यक छ । ती बालबालिकाहरुलाई उचित व्यवस्थापन तथा शिक्षामा समान पहुँच पुऱ्याउनका लागि सरकार तथा सरोकारवाला निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# अमेरिकी सेनाले २० वर्षपछि अफगानिस्तान छाड्यो, काबुलमा तालिबानीको खुशियाली



तस्बिर : बिबिसी

काठमाडौँ, १५ भदौ (रासस) ।

भौगोलिक दृष्टिबाट रणनीतिक महत्वको ठानिदै आएको अफगानिस्तानबाट पछिल्लो पटक महाशक्ति राष्ट्र अमेरिकाले त्यहाँ तैनाथ आफ्ना सेना २० वर्षपछि फिर्ता लगेको छ । सेना फिर्ता होला वा नहोला भन्ने अड्कलबाजीबीच अमेरिकी सेनाले अन्ततःअफगानिस्तान छाडेको छ ।

अमेरिकी सेनाले राष्ट्रपति जो बाइडेनले घोषणा गरेकै मितिमा अर्थात् २०२१ अगष्ट ३१ भित्रै अफगानिस्तान छाडेको छ । पछिल्ला दिनमा काबुल विमानस्थलको भयावह अवस्थालाई सम्भवतः बीचमै छाडेर अफगानिस्तानको स्थानीय समय सोमबार राति ९ बजे अमेरिका बाहिरिएको छ । काबुल विमानस्थलबाट झण्डै एक लाख २३ हजार मानिसको उद्धार गरिएको भनिए पनि अझै पनि ठूलो सङ्ख्यामा मानिस उद्धारको पर्खाइमा रहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

आर्थिक तथा मानवीय दुवै दृष्टिबाट निकै "महङ्गो" ठानिएको अफगान युद्धका क्रममा अमेरिका र अन्य मुलुकका गरी झण्डै तीन हजार ५०० सैनिकको मृत्यु भएको थियो । अफगानिस्तानमा सक्रिय तालिबान, इस्लामिक स्टेट समूह, हक्कानी नेटवर्कसमेतका समूहको आक्रमणमा परेर ६६ हजारभन्दा बढी अफगानी सेनाको ज्यान गएको थियो भने ७० हजारभन्दा बढी सर्वसाधारण मारिएका थिए ।

युद्धका क्रममा ८० हजारभन्दा बढी तालिबानी र अन्य समूहका लडाकूको मृत्यु भएको ब्राउन विश्वविद्यालयले जनाएको छ । युद्धको त्रासबाट बाँच्न झण्डै २७ लाख अफगानी देश छाडेर अन्यत्र पलायन भएका थिए भने देशभित्रै पनि लाखौ मानिस विस्थापित भएका थिए ।

अफगानिस्तानको पुनर्निर्माणका लागि अमेरिकाले एक खर्ब ४३ अर्ब डलरभन्दा बढी खर्च गरेको अफगानिस्तानको पुनर्निर्माणसम्बन्धी इन्स्पेक्टर जनरल (सिगार)को प्रतिबेदनमा उल्लेख छ । अफगान युद्धका बीस वर्षमा झण्डै २३ खर्ब डलर अमेरिकाले खर्च गरिसकेको सिगारको भनाइ छ ।

अमेरिकी सेनाको अन्तिम टुकडीले काबुल बिमानस्थल छाडेलगत्तै काबुलका सडकमा अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानले आतिसबाजी गर्नुका साथै आकाशतिर गोली पड्काएर विजयउत्सव मनाएका छन् ।

अफगानिस्तानको राजधानी काबुल सहित देशभर नियन्त्रण कायम गरेको तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले बिमानस्थलमा राति नै पत्रकारसँग कुरा गर्दै भन्नुभयो, "अफगानिस्तानका सबै नागरिकलाई बधाई छ । यो विजय हामी सबैको हो ।"

"तालिबानको यो विजय अरु अतिक्रमणकारीका लागि पनि एउटा पाठ हो ।" उहाँले अगाडि भन्नुभयो, "हामी संयुक्तराज्य अमेरिका र विश्वका अरु मुलुकसँग राम्रो सम्बन्ध चाहन्छौँ । हामी सबैसँग राम्रो कुटनीतिक सम्बन्धका लागि स्वागत गर्दछौं ।"

संयुक्तराज्य अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केन सहित अमेरिकी रक्षा मन्त्रालयले वासिङ्टन डिसीबाटै अमेरिकी सेनाले अफगानिस्तान छाडेको घोषणा गरेका थिए । विदेशमन्त्री ल्बिन्केनले अफगानिस्तान मामिलामा नयाँ अध्याय शुरु भएको बताउनु भएको थियो ।

अमेरिकाले अफगानिस्तानको नयाँ नेतृत्वसँग आगामी दिनमा सहकार्य र कुटनीतिक सम्बन्ध विकास गर्न चाहेको बताउनु भएको थियो । तर उहाँले तत्कालका लागि अमेरिकी कुटनीतिक उपस्थिति काबुलमा नरहने र अफगानिस्तान मामिला कतारबाट हेरिने बताउनु भएको छ ।

तालिबानले यसअघि सन् १९९६-२००१ सम्म अफगानिस्तानमा सत्ता सह्मालेको थियो । तर महिला र बालबालिकालाई पढ्नलेख्न र काममा प्रतिबन्ध लगाउनुका साथै निकै कठोर न्याय प्रणाली अबलम्बन गरेका कारण तालिबान समूह विश्वमै बदनाम भएको थियो ।

अमेरिकी सेना खासमा सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकी वर्ल्ड ट्रेड सेन्टर (ट्वीन टावर)मा विमानद्वारा आतङ्कवादी आक्रमण भएपछि अफगानिस्तान आइपुगेको थियो । त्यस आक्रमणमा झण्डै तीन हजार सर्वसाधारणको ज्यान गएको थियो । अल-कायदाका नेता ओसामा बिन लादेनले अफगानिस्तानमा तालिबान सरकारको संरक्षणमा ट्रेड टावर आक्रमणको योजना बनाएको अमेरिकी आरोप थियो ।

अमेरिकामा आक्रमण भएको एक महिना नपुग्दै अक्टोबर ७,२००१ मा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले "आतङ्कवाद विरुद्धको युद्ध" घोषणा गर्दै अफगानिस्तानमाथि आक्रमण गर्नु भएको थियो । यस आक्रमणको एक सातामै काबुलमा तालिबानको सरकार पतन भएको थियो ।

तालिबानले संरक्षण दिएका ओसामा बिन लादेनको खोजीका साथै उनका तालिम केन्द्र ध्वस्त बनाउन नोभेम्बर २००१ मा करिब एक हजार ३०० अमेरिकी सेना परिचालन भए पनि अर्को वर्ष १० हजार पुगेको थियो । एक समय यो सङ्ख्या एक लाखभन्दा बढी पुगेको थियो ।

सन् २००३ मा इराक युद्ध छेडेको अमेरिकाले अफगानिस्तानमा सन् २००९मा एक लाखको हाराहारीमा सेना पठाएको थियो । सन् २०१० मा अफगानिस्तानमा एक लाख ५० हजार सेना तैनाथ थिए ।

यहीबीच सन् २०११ मे २ मा अमेरिकी विशेष फौजले पाकिस्तानको अबोटाबादमा लुकेर बसेका बिन लादेनलाई मारिदियो । त्यसपछि अमेरिकी सेनाको कारबाही अफगान सेनाको तालिम र हवाई सहायतामा केन्द्रित भएको थियो ।

सन् २०१६ मा निर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने घोषणा गरी तालिबानसँग वार्ता प्रारम्भ गर्नु भएको थियो । सन् २०१८ मा अमेरिकी प्रतिनिधि र तालिबानका प्रतिनिधिबीच कतारको दोहामा वार्ता शुरु भए, र यी वार्तामा खासगरी अमेरिकी सेनाको फिर्ती तथा अन्तर-अफगान शान्तिवार्तामा केन्द्रित थिए ।

सन् २०२० फेब्रुअरी २९ मा अमेरिका र तालिबान समूहबीच सन् २०२१ को मे महिनाभित्र सबै अमेरिकी फौज अफगानिस्तानबाट फिर्ता गर्ने गरी एउटा ऐतिहासिक सम्झौतामा हस्ताक्षर भयो । तालिबान समूह अफगान सरकारसँग वार्ता गर्न सहमत भएको थियो ।

ट्रम्पको कार्यकालमै जनवरी २०२१ सम्ममा अमेरिकी सेनाको सङ्ख्यामा व्यापक कटौती भयो, र अफगानिस्तानमा सीमितकार्य गर्ने गरी दुई हजार ५०० सैनिक मात्र तैनाथ गरियो । यहीबीच नेटोले पनि आफ्ना सेनाको सङ्ख्यामा भारी कटौती गरे ।

पछिल्लो पटक राष्ट्रपति जो बाइडेनले पनि ट्रम्पकै कार्यकालमा भएको सम्झौतालाई अघि बढाउनुभयो । तर अमेरिकी सेनाले अफगानिस्तान छाड्ने समयसीमा अगस्ट ३१ कायम गर्नुभयो ।

गत जुलाई ८ मा राष्ट्रपति बाइडेनले अगस्ट ३१ भित्रमा अमेरिकी फौज स्वदेश फर्कने घोषणा गरेको भोलिपल्टै तालिबान समूहले आफूले देशको ८५ प्रतिशत भू-भागमा नियन्त्रण कायम गरेको बताएका थिए, तर तत्कालीन अस्रफ घानी सरकारले तालिबानको दाबी झुटो भएको दाबी गरेको थियो ।

अगस्ट १५ मा तालिबान समूह काबुल प्रवेश गरेको थियो । दशौं हजार अफगान र विदेशी तालिबान समूहबाट हुनसक्ने अत्याचारबाट बचन काबुल बिमानस्थल ओइरिएका थिए । काबुलबाट अमेरिका र अन्य मुलुकका सेनाले एक लाख २३ हजारभन्दा बढी व्यक्तिलाई उद्धार गरेका छन् ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भए पनि अस्तव्यस्त अफगानिस्तानलाई सही मार्गमा ल्याउन तालिबानका लागि फलामको च्यूरा चपाए सरह हुनेछ । अन्तरराष्ट्रियरुपमा विश्वासिलो र समावेशी सरकार गठन गर्नुपर्ने चुनौती बोकेको तालिबान समूहले देशभित्रका विभिन्न सशस्त्र समूहलाई एकताबद्ध गर्नुपर्ने, भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने, सुशासन कायम गर्नुपर्ने जस्ता अनेकन चुनौतीको सामना गर्नु पर्नेछ ।

तालिबान समूहले आफू सन् १९९६ को पालाको नरहेको जनाउँदै यसपटक परिस्कृत शासनशैली अपनाउने बताउँदै आएका छन् । सार्कमा आबद्ध दक्षिण एसियाली मुलुक अफगानिस्तानले यस क्षेत्रका अन्य मुलुकको झैं लोकतान्त्रिक मार्ग अपनाउने विश्वास गर्न सकिन्छ, तर अहिल्यै पूर्वानुमान लगाउन कठिन छ । (यो सामग्री अन्तरराष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा तयार पारिएको हो)

## सप्तरीका सयौं...

सप्तकोशी आसपासका करिब २५ सय परिवार नदीको उच्च जोखिममा रहेको बेलका नगरपालिकाका उपमेयर राजकुमारी चौधरीले बताईन् । सप्तकोशीको बाढीले सोमबारे, डुम्रीबोटे, मसान घाट, धौरी टप्पु, चिलिमे, एविसी टापु, श्रीलंका टापु र रामनगर लगायतका ठाउँ उच्च जोखिममा रहेको उपमेयर चौधरीले बताईन् ।

पूर्वका अधिकांश भेगमा वर्षा जारी रहेकाले कोशीको जलस्तर अझै बढ्ने भएकोले सप्तरीको गोवरगढा टापु, सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत, तिलाठी कोइलाडी गाउँपालिकाका कोशी किनारका बस्ती तथा होचा स्थानमा कटान हुने सम्भाबना छ ।

अगामी तिन दिन सम्म ठुलो तथा साना, सहायक नदीहरुको तल्लो तटीय, होचा तथा डुबान क्षेत्रका बासिन्दाहरुको ज्युज्यान,धनको सुरक्षाका लागि आवश्यक तयारी अपनाउन सप्तरी जिल्ला प्रशासनका सहायक प्रमुख जिल्ला अधिकारी नाथु साहले आईतबार सूचना जारी गरेका छन् ।

# हजार दूरी विस्तार भयो अप्टिल फाइवर

काठमाडौं, १५ भदौ (रासस)।

सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' को आकांक्षा पूरा गर्ने उद्देश्य अनुरूप अप्टिकल फाइबर विछ्याउने कार्यलाई तीव्रता दिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले ब्रोडब्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउने परियोजनाअन्तर्गत ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजमध्ये १५ वटा प्याकेजमार्फत ६० जिल्लाका तोकिए बमोजिमका स्थानमा १०० प्रतिशत तथा २ वटा प्याकेजमार्फत १० जिल्लाका तोकिए बमोजिमका स्थानमा ५० प्रतिशतभन्दा बढी कार्य सम्पन्न गरी सेवा सञ्चालनमा ल्याइको छ।

ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय, क्याम्पस, स्वास्थ्य चौकी, कृषि केन्द्र, पर्यटकीय केन्द्र, प्रत्येक वडालगायत सबै सार्वजनिकस्थलमा सूचना तथा सञ्चारको पहुँच पुऱ्याउने उद्देश्यले प्राधिकरणको २०७३ जेठ ३१ को बैठकबाट ग्रामीण दुरसञ्चार विकास कोषको उपयोग गर्ने निर्णय गरेको हो। प्राधिकरणका अनुसार एउटै प्याकेजमार्फत चार जिल्लाका तोकिए बमोजिमका स्थानमा ३० प्रतिशभन्दा बढी कार्य सम्पन्न भई सेवा सञ्चालनमा ल्याएको छ। सम्पन्न भएका परियोजनामध्ये हालसम्म ६ वटा परियोजनाको अनुगमन तथा पुनःमूल्याङ्कनको कार्य सम्पन्न भइसकेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो।

दुई परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताबाट पहिलो चरणअन्तर्गत अनुगमन तथा पुनःमूल्याङ्कन भइरहेको छ। दुई परियोजनाको दोस्रो चरणअन्तर्गत अनुगमन र एउटा परियोजना तेस्रो चरणअन्तर्गत अनुगमन भइरहेको छ।

प्राधिकरणका अनुसार मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्गअन्तर्गत ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माणलाई प्याकेजमा अगाडि बढाइएको छ। पहिलो प्याकेज (प्रदेश नं १, २ र बागमती प्रदेश) अन्तर्गत नेपाल दूरसञ्चार कम्पनि लिमिटेड (नेपाल टेलिकम) सँग दुई वर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी काम सुरु भएको छ। हालसम्म एक हजार ६ (४६.१६ प्रतिशत) किलोमिटर अप्टिकल फाइबर विछ्याइएको छ। पहिलो प्याकेजमा दुई हजार १७९ किलोमिटर अप्टिकल फाइबर विछ्याउने सम्झौता भएको थियो।

देशको ग्रामीण र दुर्गम क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेट सेवा पुऱ्याउने उद्देश्यले १, २ र बागमती गरी तीनवटा प्रदेशअन्तर्गत मध्यपहाडी लोकमार्ग तथा जिल्लामा अप्टिकल फाइबर केवल ओछ्याउन दूरसञ्चार प्राधिकरण र टेलिकमबीच २०७३ असोज १२ मा सम्झौता भएको थियो।

सत्ताईस डेन्स वेबलेन्थ डिभिजन मल्टीप्लानिड प्रणाली (डिडब्लुडिएम सिस्टम) को जडान भई पहिलो क्लस्टरको क्षेत्रमा फिजिकल एविलिटि टेस्ट (पिएटि) तथा दोस्रो क्लस्टरको क्षेत्रमा काम भइरहेको छ। सतचालीस कोर राउटर इक्युपेमेन्ट जडान गर्ने कार्य सम्पन्न भई फिजिकल पिएटी सम्पन्न भएको छ। दोस्रो प्याकेज (वाग्मती प्रदेश र लुम्बिनी प्रदेश) अन्तर्गत भने युनाइटेड टेलिकमले दुई वर्षभित्र काम सक्ने गरी सम्झौता भए पनि कार्यको प्रगति शून्य देखिएपछि प्राधिकरणले सम्झौता म्याद थप गरेको छैन। त्यसबारेमा सर्वोच्चमा मुद्दा परेको र मुद्दा टुङ्गो नलागेसम्म अवधि थप नगर्न अन्तरिम आदेश भएको छ। तेस्रो प्याकेजअन्तर्गत टेलिकमसँग दुई वर्षभित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको थियो।

सो कार्यका लागि सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ। कर्णाली र सुदूरपश्चित प्रदेशका लागि बोलपत्र मूल्याङ्याकनको क्रममा रहेको छ। गण्डकी र लुम्बिनीमा दुई हजार १६० र कर्णाली र सुदूरपश्चित प्रदेशमा एक हजार ९९२ किलोमिटर दूरीसम्म अप्टिकल फाइवर विछ्याउने सम्झौता भएको छ। देशका विभिन्न स्थानमा सडक विस्तार, बाढीपहिरो, हावाहुरी र चटचाङका कारण अप्टिकल फाइवरमा अवरोध आएको गुनासो भने बढ्दै गएको छ।

# अब झुत्रा नोटबाट ब्रिकेट !

काठमाडौं, १५ भदौ (रासस)।

नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याउन नमिल्ने झुत्रो, मैलो, पुरानो तथा च्यातिएका नोटलाई जलाई ब्रिकेट बनाउने प्रविधि भित्र्याएको छ।

नेदरल्यान्डसबाट पहिलोपटक भित्र्याइएको सो प्रविधिको प्रयोगबाट अब प्रचलनमा ल्याउन नमिल्ने नोटलाई भट्टीमा डढाएर निस्कने खरानीबाट इन्धनका रूपमा प्रयोग हुने ब्रिकेट बनाउन थालिएको छ। चलनचल्तीमा ल्याउन नमिल्ने नोटलाई विगतमा जलाएर नष्ट गरिन्थ्यो।

सो देशको एक कम्पनीसँग सन् २०२० भएको सम्झौताअनुसार आठ मेशिन ल्याउने सहमतिअनुसार हालै आइपुगेका चार मेशिनबाट पहिलो चरणमा काठमाडौं, विराटनगर, वीरगञ्ज र नेपालगञ्जमा जडान गरी जलाइएका नोटबाट ब्रिकेट उत्पादन गरिने नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागमा प्रमुख रेवतीप्रसाद नेपालले जानकारी दिनुभयो। उहाँका अनुसार सो मेशिनबाट काठमाडौंमा ब्रिकेट

बाँकी अन्तिम पृष्ठमा









# विश्व समाचार

## अमेरिकी सेना बीस वर्षपछि अफगानिस्तानबाट फर्कियो

वासिङ्टन, १५ भदौ (रासस/सिन्ह्वा)।

बीस वर्षपछि अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएका छन्। अफगानिस्तानमा बाँकी रहेका केही सेना पनि सोमबार रातिसम्म सबै फिर्ता गएका बताएको छ।

केही दिनदेखि अमेरिकाले सेना फिर्ता गर्ने प्रक्रिया शुरु गरिसकेको थियो। तालिबानले सत्ता कब्जा गरेपछि अमेरिकाले आफ्ना सेना फिर्ता गर्न थालेको हो।

संयुक्त राज्य अमेरिकाले अफगानिस्तानबाट झन्डै २० वर्षपछि सोमबार रातिसम्ममा आफ्नो सेना पूर्णरूपमा फिर्ता गरेको जनाएको छ।

हाल अफगानिस्तानको राजधानी काबुलमा रहेका एक अमेरिकी सैन्य कमान्डरले अमेरिकी सेनाको अन्तिम लट सोमबार स्वदेश फर्किएको जानकारी दिनुभएको हो।

सोमबार साँझ अमेरिकी रक्षा मन्त्रालयका तर्फबाट आयोजना गरिएको पत्रकार सम्मेलनमा सैनिक जर्नल केनेथ म्याक केन्जीले सो कुराको जानकारी दिनुभएको हो।

सो पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, म यो कुरा अहिले घोषणा गर्न चाहन्छु कि अफगानिस्तानमा रहेका हाम्रा सैनिकहरु र अमेरिकी नागरिक आजसम्ममा सबैजना त्यहाँबाट फर्किसकेका छन्।

काबुलमा रहेका अमेरिकी राजदूत रस विल्सन पनि त्यहाँ रहेका अमेरिकीको अन्तिम उद्धार उडानका लागि खटिरहेको बताएको छ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ती अभियानमा खटेका अमेरिकी सेनाका कमाण्डर र अन्य अधिकारीले पछिल्ला केही साताामा मात्र कम्तीमा पनि ८० हजार जना जति विदेशीले देश छोडेका बताएको छ।

जर्नेल मकेन्जीले भन्नुभयो, हमिद कारजाइ अन्तराष्ट्रिय विमानस्थलबाट अन्तिम सी सेभेन्टीन विमान उडेको छ। योसँगै हाम्रो सैन्य उद्धारको काम पनि सकिएको छ। करिब २० वर्षदेखिको अमेरिकाको अफगानिस्तान मिसन पनि यसैसाथ समाप्त भएको छ।

अमेरिकाले सन् २००१ को सेप्टेम्बर ११ लगत्तै अफगानिस्तान मिसन शुरु गरेको थियो। अमेरिकी ट्वीन टावरमा हमला गरेको अल कायदा नामक एक आतङ्ककारी सङ्गठनका प्रमुख ओसामा बिन लादेनको खोजीका लागि भन्दै अमेरिकाको सो मिसन शुरु भएको थियो।

यस दुई दशकको अवधिमा २४ सय जना अमेरिकी सुरक्षाकर्मीले ज्यान गुमाएको बताइएको छ।

## अमेरिकी सेनाको फिर्तापछि काबुल विमानस्थलमा विशेष सेना परिचालन

काबुल, १५ भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुलमा अवस्थित हमिद कारजाई अन्तरराष्ट्रिय विमानस्थलमा तालिबानले मङ्गलबार बिहान विशेष सेना तैनाथ गरेको छ। 'विमानस्थलमा सुरक्षा सुनिश्चित गरिएको छ,' प्रवक्ता जबीहुल्लाह मुजाहिदले विमानस्थलमा पत्रकारलाई बताएका छन्।

अगस्ट ३१ अमेरिकी राष्ट्रपति जो बाइडेनले मध्यएसियाली यस देशबाट अमेरिकी सेना फिर्ता गर्नको लागि तोकिएको समय सीमा हो।

"हामी विमानस्थल सुरक्षित गर्न को लागी तयार छौं। सबै कुरा चाँडै नै सामान्य अवस्थामा ल्याईनेछ। अमेरिकी सेनाले विमानस्थलमा धेरै बिगारेको र यो एक प्राविधिक समस्या हो र समाधान गर्न समय लाग्नेछ, र पुनः सुरु गर्ने प्रयास जारी छ।" जति सक्दो चाँडो व्यावसायिक उडान सञ्चालन गर्ने पनि मुजाहिदले बताएका छन्।

उनले भने कि अमेरिका फिर्तापछि अफगानिस्तान 'पूर्णस्वतन्त्र र स्वतन्त्र भएको छ। मुजाहिदले भने, तालिबानले संयुक्त राज्य अमेरिकालगायत सबै देशसँग आर्थिक र व्यापारिक सम्बन्ध राख्न चाहन्छ। प्रत्येक देश अफगानिस्तानसँग राम्रो सम्बन्ध र सम्बन्ध हुन सक्ने पनि उनले बताएका छन्।

## भारतमा थप ३० हजार ९४१ जना कोरोना भाइरस संक्रमित

नयाँदिल्ली, १५ भदौ (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट सोमबार थप ३० हजार ९४१ जना सङ्क्रमित भएका छन्।

सोही अवधिमा ३५० जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये अहिलेसम्म चार लाख ३८ लाख ५६० जनाको मृत्यु भएको पनि मन्त्रालय जनाएको छ।

पछिल्लो २४ घण्टामा देशभरका सङ्क्रमितमध्ये केरलामा मात्रै थप १९ हजार ६२२ जना सङ्क्रमित भएका अधिकारीले जनाएका छन्। सोही अवधिमा केरलामा १३२ जनाको मृत्यु भएको छ।

गत आइतबार भारतमा ४२ हजार ९०९ जना कोरोना सङ्क्रमित थपिएका थिए भने कोरोनाको कारण ३८० को मृत्यु भएको थियो।

अहिलेसम्म कूल तीन करोड-१९ लाख ५९ हजार ६८० जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। तीमध्ये ३६ हजार २७५ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका हुन्। भारतमा कोरोना सङ्क्रमितको कूल सङ्ख्याको ९७.५३ प्रतिशत कोरोना सङ्क्रमणबाट निको भएका छन्।

भारतमा अहिलेसम्म कूल सङ्क्रमित तीन करोड २७ लाख ६८ हजार ८८० जना पुगेका मन्त्रालयले मङ्गलबार जनाएको छ। कूल सङ्क्रमितमध्ये तीन लाख ७६ हजार ३२४ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्। यो सङ्ख्या कूल सङ्क्रमितमध्येको १.१५ प्रतिशत हो।

भारतमा कोरोना भाइरस शुरु भएदेखि हालसम्म ५२ करोड १५ लाख व्यक्तिलाई कोरोना भाइरसको परिक्षण गरिएको छ।

यहाँ गएको जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु गरिएको थियो। सो समयदेखि हालसम्म ६४ करोड पाँच लाख डोज कोरोनाविरुद्धको खोप लगाइएको समाचारमा जनाइएको छ।

# तीज महोत्सव मूल समारोह समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौं ।**

तीज महोत्सवका लागि राजविराजमा मंगलबार सम्पन्न एक भेलाले तीज महोत्सव मूल समारोह समिति गठन गरेको छ ।

राजविराज जेसीजकी निवर्तमान अध्यक्ष पुनम पोखरेलको अध्यक्षतामा ५ सदस्यीय कार्यसमिति गठन गरेको हो । कोषाध्यक्षमा सामुदायिक सेवा केन्द्रकी उपाध्यक्ष ललीता कर्ण र सदस्यहरूमा महिला मानव अधिकार रक्षक सञ्जालकी गीता पाण्डे, राजविराज जेसीजकी रञ्जना चौधरी र माडवारी महिला मञ्चकी रिया राय सञ्चेती रहेकी छिन् ।

समितिले प्रतियोगितात्मक मौलिक तीज गीत तथा नृत्य कार्यक्रमका विजेता समुहलाई पुरस्कार वितरण गर्ने तथा रेकर्ड गीतमा नृत्यु गर्नेमध्ये उत्कृष्ठलाई बिशेष उपहार प्रदान गर्ने जनाएको छ।

वैठकले महिला मानव अधिकार रक्षक सञ्जाल सप्तरीकी अध्यक्ष अनीता देवकोटाको अध्यक्षतामा २१ सदस्य रहेको व्यवस्थापन समिति समेत गठन गरेको छ । तीज महोत्सवलाई थप व्यवस्थित गर्न आगामी वैठकले पुरस्कार उपसमिति, प्रचार प्रसार उपसमिति र मञ्च व्यवस्थापन उपसमिति गठन गर्ने जनाएको छ ।

राजविराज जेसीजको संलग्नतामा महिला अधिकारकर्मीहरुले पछिल्लो केही वर्षदेखि मनाउँदै आएको तीज महोत्सव गत वर्ष कोभिड-१९ का कारण हुन सकेको थिएन् ।

प्रतियोगितामा सहभागी हुन चाहने ३ जनाको समूहले मनको पीडा र भोगेका वेदना, खुशी र समस्यालाई मौलिक गीत-नृत्यमार्फत प्रस्तुती दिनु पर्ने आयोजकले जनाएको छ ।

# प्रेस जनमत संघको केन्द्रिय तदर्थ समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौं ।**

जनमत पार्टीको शुभेच्छुक संगठनको रुपमा मंगलबार प्रेस जनमत संघको केन्द्रिय तदर्थ समिति गठन भएको छ ।

पूर्ण प्रेस स्वतन्त्रता, व्यवसायीक एवं समावेशि पत्रकारिता र मिडिया साक्षरताप्रति समर्पित भई देश र तराई मधेशका संचारकर्मीहरुको छाता संगठनको रुपमा प्रेस जनमत संघ गठन भएको जनाइएको छ ।

गठित तदर्थ समितिको अध्यक्षमा धनुषाका विपी साह चयन भएका छन् । उनको नेतृत्वमा ५१ सदस्यीय तदर्थ समिति गठन गरिएको जारि प्रेस विज्ञप्तिमा जनाइएको छ । बाँकी ५० जना केन्द्रिय सदस्य रहेका छन् ।

समितिमा सप्तरीका कमल मण्डल, आरएन राउत, रेणुका चौधरी, कौशल कुमार साह, विष्णु राउत, माहीनारायण राउत, सागर बिर कडारी, अनिल इसर, बिनिता चौधरी गरि ९ जनालाई केन्द्रिय सदस्यमा मनोनित गरिएको छ ।

यस्तै नेपाल बाहिर रहेका दुबईका ३, कतारका ५, मलेशियाका २ र साउदीका ४ जना गरि १४ जनालाई केन्द्रिय सदस्य बनाइएको नव अध्यक्ष विपी साहद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

सोही विज्ञप्तिमा गठित केन्द्रिय तदर्थ समितिमा अझै केही पदाधिकारीहरु मनोनित गरिने तथा आगामी ६ महिनाभित्र महाधिवेशन गरि पूर्णता दिन उल्लेख छ ।

# 'नागरिक सेवालाई प्रहरीले सर्वोपरि ठान्नुपर्छ'

सप्तरी, १५ भदौ (रासस) ।

प्रदेश नं २ प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक उमेश रञ्जितकारले नागरिक सेवालाई प्रहरीले सर्वोपरी ठान्नुपर्ने बताउनुभएको छ ।

प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर सम्पर्क कार्यालय, राजविराजमा सञ्चालित 'प्रहरी जवान आधारभूत तालिमको मंगलबार राजविराजमा आयोजित दीक्षान्त समारोहमा सम्बोधन गर्नुहुँदै उहाँले समाजले खोजेको असल पात्रका रूपमा प्रहरीले सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा उहाँले विभिन्न विधामा उत्कृष्ठ प्रशिक्षार्थीलाई पुरस्कार तथा दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको थियो । गत मङ्सिर ३ गतेबाट सञ्चालित उक्त तालिममा २०३ सहभागी भएकामा नौ प्रशिक्षार्थीको तालिम रद्द भएको थियो । तालिममा ५४ 'क' श्रेणीमा र १४० 'ख' श्रेणीमा उत्तीर्ण भएका जानकारी दिइएको थियो ।

समारोहमा तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक केदार ढकालले प्रशिक्षार्थीलाई शपथ ग्रहण गराउनुभयो । प्रहरीलाई व्यावसायिक एवं प्रभावकारी ढङ्गबाट कर्तव्य निर्वाह गर्न आवश्यकपर्ने ज्ञान, सीप र कला प्रदान गर्न प्रशिक्षार्थीलाई २३४ कार्यदिन तालिम प्रदान गरिएको थियो ।

## *अब झुत्रा ...*

उत्पादन गर्न सुरु भइसकेको छ भने मंगलबारै नेपालगञ्जबाट पनि थालनी गरिनेछ र छिट्टै अन्य दुई स्थानबाट पनि उत्पादन हुनेछ । "आगामी असोजसम्म बाँकी चारवटा मेशिन पनि झिकाई जनकपुर, पोखरा, भैरहवा र धनगढीबाट उत्पादन सुरु हुनेछ", उहाँले भन्नुभयो । पहिलोपटक जलाइएका चार सय बन्डल नोटबाट करिब चार सय केजी खरानी निस्केको थियो । नोटको आकारअनुसार खरानीको परिणाम फरक पर्ने उहाँको भनाइ छ ।

चलनचल्तीमा ल्याउन नमिल्ने नोटलाई जलाउन झन्झटिलो हुने तथा धुवाँधुलोले वातावरण प्रदूषण हुने भएकाले आधुनिक प्रविधिअनुसार धुलाउने र त्यसलाई अन्य प्रयोजनमा ल्याउन सकिने भएकाले बैंकले उपकरण खरिद गरेको जनाएको छ । प्रमुख नेपालका अनुसार उपकरणको पहिलो भागले नोटलाई टुक्र्याउने काम गर्दछ भने दोस्रो भागले ब्रिकेट तयार गर्दछ । यसरी उत्पादन गरिएका ब्रिकेटलाई इँटाभट्टा वा कोइला प्रयोग हुने उद्योग, कारखानादेखि घरायसी प्रयोजनमा ल्याउन सकिने उहाँले जानकारी दिनुभयो । बैंकले प्रतिवर्ष करिब रु ४०-४५ अर्बको नोट नष्ट गर्ने गर्दछ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

शम्भुनाथ नगरपालिकाको कार्यालय, सप्तरी






खडक नगरपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*